# स्थानीय राजपत्र

**दोधारा चाँदनी नगरपालिकाद्वारा प्रकाशित**

खण्ड : १, संख्या : ३, असार १२ गते, २०७७ साल

**भाग-१**

## दोधारा चाँदनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दोधारा चाँदनी नगरपालिकाको नगरसभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो ऐनको नाम "दोधारा चाँदनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन दोधारा चाँदनी नगरपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले दोधारा चाँदनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दोधारा चाँदनी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले दोधारा चाँदनी नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनुपर्छ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न



अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दोधारा चाँदनी नगरपालिकाको नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही दोधारा चाँदनी नगरपालिकाको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, नियमावली, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५. बचाउँ र खारेजीः नगरपालिकाले यस पूर्व बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड यसै बमोजिम भए गरेको मानिनेछ । साथै यस ऐन सँग अव उप्रान्त बाझिएका ऐन, कानून, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बाझिएको हदसम्म अमान्य हुने छन् ।

नगर सभाबाट स्वीकृत मिति २०७७।०३।१०

आज्ञाले
गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत